मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

(कृषि विकास उपशाखा)

फोन नं. ०४८-४४०११२

प.सं. २०७९/८०

च.नं. ६१२

मिति: २०७९/०५/२४

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

विषय :- सूचना टाँस गरी दिने सम्बन्धमा।

श्री वडा कार्यालय सबै,
मन्थली नगरपालिका।

प्रस्तुत विषयमा चालु आ.व. २०७९/८० मा कृषि विकास उपशाखाबाट संचालन हुने **गहुँ बालीको उन्नत बीउ माग गर्ने** सम्बन्धी यसै पत्रसाथ संलग्न राखि पठाईएको सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सम्बन्धित सबैलाई सूचित गराउनु हुन र वडा कार्यालयमा संकलन भएका निवेदनहरु मिति २०७९/०६/१४ गते भित्र कृषि विकास उपशाखामा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ।

..............................
(लिलाराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-०५/२०७९/८०

## गहुँ बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२४**

मन्थली नगरपालिकाबाट आ.व. २०७९/८० को संघीय सशर्त तर्फको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम खाद्यान्न बालीको उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मूल्य अनुदान हुने व्यवस्था रहेकोले यस नगरपालिकाका सम्पूर्ण कृषकहरुले आफूलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित गहुँ बालीको जात र परिमाण खुलाई यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०७९/०६/१३ गते) भित्र देहायका आवश्यक कागजातहरु सहित सम्बन्धित वडा कार्यालय, कृषि सेवा केन्द्र र यस कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ।

**गहुँ बालीको सिफारिस जात र जातीय विवरणः**

| क्र. सं. | जात | सिफारिस वर्ष (बि.सं.) | पाक्ने दिन | उत्पादन क्षमता (मे.टन/हे.) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|---|
| १ | भृकुटी | २०५१ | १२० | ५ | तराई, टार र १००० मिटरसम्म उचाई भएका उपत्यकाहरु |
| २ | अच्युत | २०५४ | १२५ | ४.५ | टार, १००० मिटरभन्दा कम उचाई भएको उपत्यकाको मध्यम तथा उच्च उर्वराभूमि |
| ३ | गौतम | २०६१ | ११९ | ३.४ | तराई, टार तथा ५०० मिटरभन्दा कम उचाई भएको उपत्यका |
| ४ | आदित्य | २०६६ | ११८ | ४.७९ | तराई, टार र ५०० मी. सम्मको उपत्यका |
| ५ | विजय | २०६७ | १११-१२३ | ४.४५ | तराई, टार र ५०० मी. सम्मको उपत्यका |
| ६ | स्वर्गद्वारी | २०७३ | १६३ | ४.४ | मध्य तथा उच्च पहाड (७०० देखि १४०० मिटरसम्म) सिंचित तथा अर्ध सिंचित क्षेत्रको लागि |
| ७ | मुनाल | २०७४ | १६४ | ४.९१ | समुद्री सतहको ६०० देखि २३०० मी. उचाईसम्मको मध्य तथा उच्च पहाडको सिंचित तथा असिंचित क्षेत्र |
| ८ | भेरीगंगा | २०७७ | १६४ | ४.५६ | समुन्द्र सतह देखि १००० देखि २२९० मी. उचाईसम्मको मध्य तथा उच्च पहाडी क्षेत्र |
| ९ | खुमलशक्ति | २०७७ | १६५ | ५.०९ | समुन्द्र सतह देखि १००० देखि १७०० मी. उचाईसम्मका मध्य पहाडी क्षेत्र |
| १० | जिङ्क गहुँ २ | २०७७ | ११९ | ५.७५ | तराई र भित्री मधेश लगायत समुन्द्री सतह देखि ८०० मी. उचाईसम्मका क्षेत्रहरु |
| ११ | बोर्लोग २०२० | २०७७ | १२० | ५ | तराई र भित्री मधेश लगायत समुन्द्री सतह देखि ८०० मी. उचाईसम्मका क्षेत्रहरु |

**अनुदान विवरणः** बीउ बिजन आपूर्ति तथा व्यवस्थापन समितिबाट कायम गरिएको रु. ७२।- प्रति किलोमा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५० प्रतिशत अनुदान।

**आवश्यक कागजातहरुः**

१. कार्यक्रम माग गर्ने सम्बन्धी नगरपालिकाले तयार गरेको ढाँचा बमोजिमको निवेदन र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
२. गहुँ बाली लगाउने जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपि।
३. कृषक समूह, संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
४. समूह/सहकारीको हकमा एकमुष्ट माग विवरण र संस्थागत निर्णयको प्रतिलिपि।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा आ.व. २०७८/७९ मा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,　　　　　　　　　　　　　　　मितिः २०७९/......../.......
मन्थली नगरपालिका, रामेछाप।

विषयः गहुँको उन्नत बीउ उपलब्ध गराई दिनु हुन।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७९/०५/२४ गते मन्थली नगरपालिकाद्वारा प्रकाशित गहुँ बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार ................. रोपनी जग्गाको लागि तपसिल बमोजिम गहुँको बीउ आवश्यक परेको हुँदा नियमानुसार ५०% अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध छ।

तपसिलः

| क्र.सं. | गहुँको जात | परिमाण (किलोग्राम) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| जम्मा | | |

निवेदकः

नामः ........................

ठेगानाः ......................

फर्म/समूह/सहकारीको नाम र छाप (संस्थामा संलग्न भएमा): ...................................

सम्पर्क नम्बरः ...............................

<u>सम्बन्धित कृषि सेवा केन्द्रको प्राविधिकले भर्ने</u>

१. बीउको जात र परिमाण आवश्यक हुनुको कारणः

२. स्थलगत प्रतिवेदनः